**जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जाको घर भाडा दिने सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७५/०९/१८ गते**

जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जाको स्वामित्वमा रहेका पु.ब.न.पा.स्थित तपशिल बमोजिमका घर, सटर, कोठाहरु सिलबन्दी दरभाउ पत्रको माध्यमबाट बढाबढ प्रक्रियाद्वारा भाडामा दिनुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाको लागि यो १५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. यस सम्बन्धी विस्तृत सूचना जिल्ला समन्वय समितिको वेभसाइट www.ddcsyangja.gov.np र सुचना पाटिमा हेर्न सकिने छ। थप जानाकारीका लागि फोन नं. ०६३-४२०८१९ मा संपर्क गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्र योग्य दरभाउपत्रदाताहरुले पछि फिर्ता नहुने गरी रु. १००० नगद दाखिला गरी यस कार्यालयबाट सुचना प्रथम पटक प्रकाशित मिति देखि १५ औं दिनको कार्यालय समयभित्र खरिद गर्न सक्नेछन्।

३. सिलबन्दी दरभाउपत्र सुचना प्रथम पटक प्रकाशित भएको मिति देखि १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। समय नाघी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

४. सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि ४५ दिनको हुनेछ र दरभाउपत्र जमानतको मान्यअवधि थप ३० दिनको हुनेछ ।सिलबन्दी दरभाउपत्रसाथ धरौटी वापत ७५ दिन मान्यअवधि रहेको नगद धरौटी वा नेपाल सरकारबाट मान्यताप्राप्त'क'वर्गका वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गर्नु पर्नेछ। नगद धरौटी जम्मागर्ने दरभाउपत्रदाताले यस कार्यालयको ने.बैं.लि.स्याङ्जामा रहेको धरौटी खाता नं. ०७२०३००००००००३००००६ ग-३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ तर सरकारि निकायको लागि धरौटी या जमानत आवश्यक पर्नेछैन।

५. सिलबन्दी दरभाउपत्र प्रथम पटक सुचना प्रकाशित भएको मिति देखि १६ औं दिनको १ बजे दिउसो कार्यालयका प्रतिनिधि, दरभाउपत्रदाताहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता उपस्थित नभएमापनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. यदि दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुल्ने दिनलाई नै अन्तिम दिन मानिनेछ।

७. दरभाउपत्र एक पटक दाखिला गरिएसकेपछि फिर्ता लिनवा संशोधन गर्न पाईने छैन।

८. पेश भएक दरभाउपत्रहरु कुनै कारण नजनाई स्विकृत गर्ने, अस्विकृत गर्ने, आँशिक स्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. यस सुचनामा उल्लेख नभएकाअन्य कुराहरु प्रचलित नियम कानुन अनुसार हुनेछन्।

जिल्ला समन्वय अधिकारी

| सि.नं. | विवरण | न्युनतममूल्य ( मासिक) | ठेक्का नं. | बैंक जमानत /धरोटी रु. | बैंक जमानत मान्य अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | आर.सी.सी.फ्रेम स्ट्रक्चर भएको तिनकोठे एट्याच बाथरुम भएको ( क्षे.फ. ५३८.७७ व.फि. फ्ल्याट) पुतलीबजार वडा नं. १, ठाडो लाइन ( सभाहल सँगै) | १०,५०० | DCC/sya/RT/01-075/76 | ३५०० | ७५ दिन | |
| २. | आर.सी.सी.फ्रेम स्ट्रक्चर भएको दुई कोठे एट्याच बाथरुम भएको (क्षे.फ. २४४.२७ व.फि. फ्ल्याट) पुतलीबजार वडा नं. १, ठाडो लाइन (सभाहल सँगै) | ५,००० | DCC/sya/RT/02-075/76 | १५०० | ७५ दिन | |
| ३. | आर.सी.सी.फ्रेम स्ट्रक्चर भएको दुई कोठे एट्याच बाथरुम भएको पसल सटर सहितको (क्षे.फ. २४४.२७ व.फि.)पुतलीबजार वडा नं. १, ठाडो लाइन (सभाहल सँगै) | ८,००० | DCC/sya/RT/03-075/76 | २५०० | ७५ दिन | |
| ४. | जस्ताको छाना भएको एकतले तिनकोठे ट्वाईलेट बाथरुम भएको ( क्षे.फ.५२४.७७ व.फि.)पुतलीबजार वडा नं. ३, पुतलीखेत (डिभीजन वनको क्वाटर नजिकै) | ४,००० | DCC/sya/RT/04-075/76 | १५०० | ७५ दिन | |
| ५. | आर.सी.सी.फ्रेम स्ट्रक्चर भएको दुई कोठे कार्यालय प्रयोजनका लागी उपयुक्त हुने (क्षे.फ. २२० व.फि. फ्ल्याट) पुतलीबजार वडा नं. १, जि.स.स. (जि.स.स.को कार्यालय भवन सँगै) | ५,००० | DCC/sya/RT/05-075/76 | १५०० | ७५ दिन | |

जिल्ला समन्वय अधिकारी